
**DOI:** https://doi.org/10.3126/iie.v2i2.71770

JOL Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Interdisciplinary Issues in Education**

*Vol. 2, No. 2, 2024* *A Peer-Reviewed, Open Access Journal*



# ऐतिहासिक कानुनी दस्तावेज : न्याय विकासिनी

**विष्णुप्रसाद खनाल** [a]✉

✉ bishnupkhanal333@gmail.com

[a] विश्वविद्यालय क्याम्पस, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर

**Article Info**

**Received:** June 5, 2024

**Accepted:** October 19, 2024

**Published:** November 19, 2024

**लेखसार**

*प्रस्तुत लेखको शिर्षक ऐतिहासिक कानूनी दस्तावेज : न्याय विकसिनि रहेको छ । यसको मुख्य उद्देश्य ऐतिहासिक प्राचीन कानूनी ग्रन्थ : न्याय विकसिनी भित्रका विभिन्न कानूनी व्यवस्थाहरुको विवेचना गर्नं र यसको प्रभाव बारे व्याख्या गर्नं रहेको छ । अध्ययन विधि अन्तर्गत ऐतिहासिक, वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । लेखलाई ऐतिहासिक कानूनी दस्तावेज न्यायविकसिनी व्यवस्थाको अध्ययनमा सीमित गरिएको छ । प्रस्तुत दस्ताबेज नेपोलीयनको सिभिलकोड भन्दा ५०० वर्ष पुरानो मानिएको छ । समाज सञ्चालनका दृष्टिले आवश्यक पर्ने मूलभूत नियम कानुन उल्लेखित उक्त न्याय विकासिनीमा फौज्दारी कानुन, देवानी कानुन, कार्यविधि कानुन, वाणिज्य कानुन, क्षतिपूर्ति तथा प्रमाण कानुन सँग सम्बन्धित पक्ष र गल्ती गर्नेहरुलाई दण्ड सजाय समेतको व्यवस्था गरिएको छ । तत्कालीन समयमा निर्माण गरिएका कानुनलाई नेपालको सन्दर्भमा त्यस पछि बन्ने कानुनहरुले अंगिकार गर्दै आएको पाइएबाट वर्तमान कानुनहरुमा उल्लेखित कुराहरु न्यायविकासिनी कै परिस्कृत रुप हुन भन्न सकिने अवस्था छ जुन वर्तमान नेपालका सन्दर्भमा पनि उपयुक्त मानिदै आएको छ । यही महत्वपूर्ण ऐतिहासिक कानुनी दस्तावेज न्याय विकासिनीमा उल्लेखित मूलभूत कानुनी विषयवस्तुको अध्ययनको विश्लेषणमा प्रस्तुत लेख केन्द्रित रहेको छ ।*

**मुख्य शब्दावली:** *न्याय विकासिनी, मनुस्मृति, देवानी कानून, दिव्य परीक्षा, अनुलोम-प्रतिलोम*

## अध्ययनको पृष्ठभूमि

नेपाली कानूनी तथा न्याय प्रणालीको इतिहासलाई हेर्दा किंरातकालीन मुन्धुम ग्रन्थलाई प्रमुख आधारका रुपमा लिइन्छ (वस्ती, २०६६ पृ २) । किंरातहरुको वेद मुन्धुममा न्याय नभएका राज्यका राजाको स्थीति पहाडको टाकुरामा बसेको भुत्ला वेगरको चराको जस्तो हुन्छ भनिएको छ । उक्त ग्रन्थमा दश भाइको सल्लाहको इन्साफ गर्नं । सिन्को भांची, पांग्रो फोडी लोग्ने स्वास्नी बीच सम्बन्ध विच्छेद गर्ने, ज्यानको बदला ज्यान लिने व्यवस्था रहेको पाइन्छ ।

लिच्छवीकालमा धर्म ग्रन्थ अनुसार न्याय व्यवस्था चल्दथ्यो । विभिन्न स्मृति नामक ग्रन्थहरु नै कानून थिए । लिच्छवीकालमा मुख्य रुपमा मनुस्मृति, याज्ञवलक्यस्मृति, नारादस्मृति र शुक्रनीति आदिलाई हेरी त्यहाँ लेखिए अनुसार कानून व्यवस्था चल्दथ्यो वा इन्साफ हुन्थ्यो । यी स्मृति नै त्यसवेलाका कानून थिए (वस्ती, २०६३ पृ. ३) । त्यसवेला चोरी, जारी, ज्यान, राजद्रोह र यी चार अपराध गर्नेलाई शरण दिने अपराध गरी पंचापराध भनिन्थ्यो । अदालतका तहका हकमा गाउँमा गाउँ पाँचापालिक हुन्थे । यस भन्दा माथि दौवारिक (द्वारे) त्यसभन्दा माथि आधिकरण र अन्तिम तहको अदालतका रुपमा अन्तरासन हुन्थ्यो । जसमा राजा स्वयम वस्ने हुँदा त्यसलाई परमासन पनि भन्ने गरिन्थ्यो ।

मल्लकालीन समयमा लिखित कानूनी दस्तवेजका रुपमा (मानवशास्त्र ) न्यायविकसिनी देखा पर्यो । कानुन समाजको ऐना हो भने समाज कानुनको मार्गचित्र हो । कानुन सामाजिक आवश्यकता परिपूर्तिका लागि निर्माण गरिएको हुन्छ । त्यही आवश्यकता परिपूर्ति गर्ने काम तत्कालीन नारदस्मृतिले गर्दै आएको र मल्लकालीन समयमा आई पुग्दा राजा जयस्थिति मल्लको शासनकालमा उक्त सामाजिक आवश्यकता परिपूर्ति गर्ने काम नारदस्मृतिले पुरा गर्यो । स्मृतिलाई कुनै व्यक्ति विशेषले लेखेको नभई तत्कालिन सम्प्रदायको प्रतिनिधिका रुपमा लिने गरिन्छ । भारतको गोरखपुर, बनारस र दक्षिण भारतमा छापिएका नारदस्मृति एवम् मनुस्मृति लगायतका ग्रन्थहरु दाँजेर हेर्दा तिनमा समेत केही न कही अन्तर पाइएका तथ्यहरु प्राप्त भएका छन् (शर्मा, २०३३ पृ. ४३) । नारदस्मृतिमा कतिपय कुरा मनस्मृति लगायत अन्य स्मृतिहरुका पनि देखिन्छन् । कुनै स्मृतिले कुनै कुरालाई जोड दिन्छ भने कुनैले अर्को विषयलाई जोड दिएको पाइन्छ । तत्कालिन नारदस्मृतिले कानुनी वर-वन्दो वस्तीलाई प्रमुखता दिएको छ । यही नारदस्मृतिलाई आधार मानी बनाइएको तर तत्कालीन सामाजिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यबाट राजा जयस्थिति मल्लद्वारा वि.सं. १४३६ (ने.स.५००) मा बनाउन लगाएको एक ऐतिहासिक कानुनी दस्तावेज न्याय विकासिनी हो जुन पहिलो लिखित कानून दस्तावेज बन्न पुग्यो (वस्ती, २०६३ पृ. ४) ।

राजा जयस्थिति मल्लको शासनकाल वि.सं. १४२३ देखि १४५२ सम्म रह्यो । यही शासनकालमा नेपालले धेरै कुरा प्राप्त गर्यो । कीर्तिनाथ उपाध्यायको अध्यक्षतामा रघुनाथ झा मैथिल, श्रीनाथ भट्ट र रामनाथ झा को कानुन आयोग नै बनाई उक्त आयोगको सुझाव सहित

देशको कानुनी क्षेत्रमा उनले धेरै काम गरे । ती काम मध्ये महत्वपूर्ण कार्य न्याय विकासिनी एक हो । जुन फ्रान्समा नेपोलियनले वि.सं १८६१ (ई.सं १८०४) मा जारि गरेको सिभिल कोड भन्दा अघि अर्थात् वि.सं. १४३६ मा तर्जुमा भएको थियो । लिखित कानुनको प्रारम्भ नेपोलियनको उक्त सिभिल कोडलाई मान्दै आएको सन्दर्भमा सो कानुन भन्दा ५०० वर्ष अघि निर्माण गरिएको न्याय विकासिनीका कारण सर्वप्रथम लिखित कानुनको तर्जुमा गर्ने देश नेपाल हो भनि स- प्रमाण उल्लेख गर्न सकिन्छ (श्रेष्ठ, २०६६ पृ. २०२) । नेपालले अहिले सम्मकै परम्परा देखिनै हिन्दु परम्परा र जयस्थितिमल्लले बाँधेका नियमहरुलाई पछ्याउदै आएकोले (श्रेष्ठ, २०६६) को भनाईमा केहि मात्रामा सहमत हुन सकिन्छ ।

सन् १३८० (वि.सं. १४३६) मा राजा जयस्थिति मल्लद्वारा जारी गरिएको कानुनको ऐतिहासिक दस्तावेज न्याय विकासिनी हो । मानव न्यायशास्त्रका रुपमा समेत परिचित उक्त ग्रन्थमा उल्लेखित कानुनका आधारमा न्याय सम्पादन गर्ने गरिएको र वर्तमान हाम्रो न्याय प्रणालीका कैयौं कुराहरु उक्त न्याय विकासिनीसँग सम्बन्धित भएबाट उक्त ग्रन्थ प्राचीन भईकन पनि विद्यमान हाम्रो न्याय प्रणालीलाई आधुनिकीकरण गर्न धेरै हदसम्म सहयोगी सिद्ध भएको छ । वर्तमान विश्वमा लिखित कानुनको प्रारम्भ रोमन सभ्यताबाट भएको हो भन्दै सन् १८०४ को फ्रान्सको नेपोलियनको सिभिल कोडलाई मान्दै आई रहेको सन्दर्भमा उक्त कोड भन्दा पनि झण्डै ५०० वर्ष पुरानो न्याय विकासिनी लिखित कानुनका रुपमा रहेकाले विश्वकै सर्वप्रथम लिखित कानुनको तर्जुमा गर्ने देश नेपाल भएको र उक्त कानुनी दस्तावेज न्यायविकासिनी भएको तथ्य स्पष्ट छ (वस्ती, २०६३ पृ: ४) ।

न्याय विकासिनीलाई कतिपयले नारद स्मृति त कतिपयले मनुस्मृतिबाट प्रभावित भएको भनि उल्लेख गरेको सन्दर्भमा प्रा. दिनेशराज पन्तका अनुसार न्याय विकासिनी नारदस्मृतिको हु-बहु हरप नभए तापनि यसको तर्जुमाकार मणिकले आफ्नो तरिकाले रचना गरेको भए तापनि यो महर्षि मनुको स्मृतिबाट पनि प्रभावित देखिन्छ (नेपाल, २०५२ पृ. पृ. १०,१३) । न्याय विकासिनीमा राज्य सञ्चालन सम्बन्धी विविध कानुन उल्लेख गरिएको छ। जस अनुसार कार्यविधि कानुन, देवानी तथा फौज्दारी, प्रमाण, वाणिज्य व्यवसाय एवम् क्षतिपूर्ति सम्बन्धी कानुन लगायत तत्कालीन समयको राज्य शासक (राजा) का कर्तव्य समेत उल्लेख गरिएको छ । यसका अलावा अन्य विविध विषय उल्लेखित न्यायविकासिनी नेपालको मात्र नभई विश्वकै एक ऐतिहासिक दस्तावेजको रूपमा मानिन्छ (नेपाल, २०५२ पृ.पृ. १०,१३ ) । नेपाल, २०५२ को उक्त भनाइ लाई अन्यथा हो भन्न सकिदैन ।

यस अध्ययनको उद्देश्य ऐतिहासिक प्राचीन कानुनी ग्रन्थ न्याय विकासिनीको उक्त ग्रन्थमा उल्लेखित विभिन्न कानुनी व्यवस्थाहरुको विवेचना गर्नं र यसको प्रभाव बारे प्रकाश पार्नं रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा ऐतिहासिक, वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत लेखको सामग्री संकलन गर्दा द्वितीय श्रो तमा आधारित छ । प्रस्तुत लेखलाई खास गरी प्राचीन एवम् ऐतिहासिक दस्तावेज- न्याय विकासिनी मा उल्लेखित कानुनी व्यवस्थाको क्षेत्रमा आधारित भएर प्राप्त तथ्यांकहरुलाई ऐतिहासिक वर्णनात्मक र व्याख्यात्मक तरिकाले प्रस्तुत गर्ने प्रयास गरिएकोछ ।

## व्याख्या र विश्लेषण

यस अध्ययनमा मुख्यतया राजा जयस्थिति मल्लद्वारा जारी गरिएको न्याय विकासिनीमा उल्लेखित कानुनी व्यवस्थालाई आधार मानि ब्याख्या र बिश्लेष्ण गरीएको छ । कार्यपालिका व्यवस्थापिका वा न्यायपालिकाको हैसियतमा काम गर्ने प्रमुख दायित्व राजामा निहित गरी धेरै शीर्षकहरुमा राजा शब्दहरुको प्राचुर्यता रहेको तथा राजा र ब्राह्मणलाई सर्वोपरी राखी ब्राह्मण अवध्य विद्वानहरुका रुपमा स्थान दिई निष्पक्ष न्याय सम्पादनलाई जोड दिएको पाइन्छ । जातिगत भिन्नताका आधारमा सजायमा घटि बढी गर्ने, प्रमाणका आधारमा मात्र दोषि प्रमाणित गर्नं पर्ने, 'झुठा गवाही दिनेलाई कडा सजाय दिने व्यवस्था भए पनि दिव्य परिक्षा जस्तो तुलो, अग्नी, जल, विष र कोश समेतका यी पाँच दिव्य उपायहरु र जातिगत विभिन्नताका आधारमा गरिने सजायँ वर्तमान सन्दर्भमा व्यवहारिक छैनन् (श्रेष्ठ, २०६६ पृ. २०३) ।

न्याय विकासिनीको अध्ययनका आधारमा यसमा उल्लेखित कानुनी व्यवस्थालाई निम्नानुसार विवेचना गरिएको छ :

## देवानी कानुन

व्यक्ति, व्यक्ति, परिवार - परिवार वा व्यक्ति-परिवार सँग सम्बन्धित आपसी लेनदेन, जग्गाजमिन साँध सीमाना लगायत विषय सँग जो डिएका दुनियासँग सम्बन्धित कानून देवानी कानून हो । न्यायविकासिनीमा त्यस्ता विषयगत प्रावधानहरुलाई उल्लेख गरिएको पाइन्छ :

### ज्याला/मजुरी

सेवा गर्ने व्यक्ति पाँच प्रकारका, कामदार चार प्रकारका र कमारा पन्ध्र प्रकारका हुने, शिष्य, अन्तेवासी, मृतक र अधिकर्मकृत सबैलाई कामदार मानिने, आफ्नो घरमा जन्मिएका दासका सन्तान दास हुने व्यवस्था थियो, (पन्त, सम्पा. २०६५ ) । भोजन बृत्ति ज्याला दिएर काममा लगाइने व्यक्तिलाई भृत मानिने, भृत पनि उत्तम, मध्यम र अधम गरी ३ प्रकारको हुने, निजको कामका आधारमा ज्याला दिइने, ज्यालाको निर्धारण उसको कामको सामर्थ्य र आहारा अनुरुप हुने, ज्याला काम गर्ने व्यक्ति मध्ये पनि हतियार चलाउने काम गर्ने उत्तम, खेतीपाती गर्ने मध्यम र मानिस बोक्ने काम गर्ने अधम मानिने, आर्थिक अधिकार दिएको ज्याला दर अधिकर्मकर भनिने, विद्या पढी नसकेसम्म शिष्यले गुरु अलावा गुरु पत्नी र गुरु पुत्रको सेवा गर्नं पर्ने, गुरुले पनि शिष्यप्रति आफ्नो कर्तव्य निर्वाह गर्नं पर्ने जस्ता विषयहरु उल्लेख छन् । विद्या, गुरु, शिष्य नेपालको गुरुकुल शिक्षा पद्दतिसंग सम्बन्धित भएको पाइन्छ ।

### पारिश्रमिकको

काम गरे वापत प्राप्त गरिने रकम पारिश्रमिक हो । सो सम्बन्धमा न्यायविकासिनीमा काम लगाए पछि पारिश्रमिक दिनुपर्ने, काम लगाउनेले उपकरण दिनु पर्ने, बलजफ्ती काममा लगाएमा दुई गुना. पारिश्रमिक दिनु पर्ने, कामदारले कबुल गरेको दायित्व पुरा तिर्नंपर्ने, माल नो

क्सान गर्ने भरियाले पारिश्रमिक नपाउने, दण्ड र विगो तिर्नंपर्ने, सुरक्षा नगर्दा नोक्सान भए क्षतिपूर्ति व्यहोर्नंपर्ने उल्लेख गरिएको छ । सन्दर्भमा श्रम ऐन सम्बन्धि कानुन यसबाटै प्रभावित रहेको छ भन्न सकिन्छ ।

**जग्गा जमिनको**

साँध सीमाना सम्बन्धमा झुटो बोल्नेलाई सजाय गरिने, नदिले जग्गा जमिनहरु काटेमा वा भाग गरेमा, प्रमाणहरु बगाएमा, त्यसरी बगाएर छाडेका पुराना चिन्हहरुका आधारमा साँध सीमा छुट्टयाउनु पर्ने, राज्य सीमा वा खेतको साँध सीमा सम्बन्धी विवादमा सामन्तहरुबाट निर्णय लिनुपर्ने, जानकारको अभावमा दुबैथरी झगडियालाई रोहवरमा राखी सीमा निर्धारण गर्ने, निकास, चौबाटो, मन्दिर, सडकहरुमा अवरोध पुर्‍याउन नहुने, कुलो बाँध रोक्न नहुने, खेत बिराउनेको हुने, एक वर्ष बाँझो रहेको जग्गा प्रति मानिने, तीन पुस्ता भोग गर्नेलाई खोस्न नपाइने, बाली नष्ट गरिदिन नपाइने, गाई भैसीले अनाज खाए दोब्बर र चौगुना दण्ड हुने, पशुधनिबाट सो क्षतिपूर्ति भराई दिने लगायतका प्रावधान उल्लेख गरिएको पाइन्छ । जसका अधिकांश प्रावधान हाल सम्म पनि उत्तिकै सान्दर्भिक मानी विद्दमान कानूनमा व्यवस्था गरेको पाइन्छ ।

**भोगाधिकारको**

भोग नै सबैभन्दा बलियो प्रमाण मानिने, आफ्नो सम्पत्तिमा पनि आफैले भोग नगरे भोगाधिकार समाप्त हुने, भोग गर्नेको मृत्यु पछि हकदारको हुने, तीन पुस्ता सम्म भोग गरेमा भोगाधिकारले मान्यता पाउने व्यवस्था गरिएको पाइन्छ नेपल्क्को मोही सम्बन्धि व्यवस्थायसकै प्रभाव हो भनि भन्न सकिन्छ । जसमा वर्षको मुख्यबाली भित्राएमा मोही यानी हक कायम भै भोग गरेको जग्गामा आधा भागको स्वामित्व कायम हुने व्यवस्था गरिएको थियो ।

**घर बनाउने**

अर्काको जग्गामा अस्थायी घर बनाई वा झुप्रो हाली बस्नेलाई घर धनिले निकाले आफ्नो सर सामान लिएर निस्कन पाउने, घरधनिकै सर सामग्रीले घरवार खडा गरी बसेको भए त्यसमा बस्नेको उपयोगले थोत्रिएका वा टुटे फुटेका सामग्रीको क्षतिपूर्ति दिई वा अरु सामान ल्याई दिई जानु पर्ने व्यवस्था न्यायविकासिनीमा गरिएको छ । हाल प्राबधानमा रहेको घर बनाउने महल सम्बन्धि कानुन यसै संग सम्बन्धित छ भन्न सकिन्छ ।

**लोग्ने स्वास्नीको**

कुशल पत्नी त्याग्ने पुरुष दोषी हुने, परदेशमा पति गएकोमा फर्किइ नआए आठ वर्ष सम्म पर्खनु पर्ने, सन्तान नभई परदेश गएकालाई भने चार वर्ष भन्दा पर्खनु नपर्ने, उक्त व्यवस्था जात अनुसार फरक फरक हुने तर पत्राचार, सम्पर्क भएकोमा भने दोब्बर अवधि पर्खनु पने ', तत्पश्चात् विवाह गर्न पाउने, एउटै पति कुर्दा सृष्टि एवम् वंश वृद्धिमा असर पर्ने हुँदा अर्को पति लिन पाउने, यसरी तत्कालीन समयमा महिलाले पनि निश्चित समय पश्चात् अर्को विवाह गर्न पाउने व्यवस्था गरेको पाइन्छ, जुन हालको नेपालको प्रचलित कानुन अनुरूप मिल्दो जुल्दो देखिन्छ (श्री ५ को सरकार, मु.ऐ. २०५८ पृ. १३६) ।

**अंशवण्डाको**

पिताको मृत्यु पछि निजको सम्पत्ति उनका छोराहरूले र आमाको मृत्यु पछि स्त्रीधनमा उनका छोरीहरूको र छोरीहरू नभए उनका सन्तानहरूको अधिकार हुन्छ हुने, पिताको सम्पत्तिमा छोराको र आमाको स्त्रीधनमा छोरीको अधिकार कायम हुने व्यवस्था गरिएको पाइन्छ । त्यस्तै बाबुको जीवन कालमै छोरालाई अंश दिन सक्ने तर अंश दिँदा जेष्ठ भाग छुट्टयाउनु पर्ने तर स्व-आर्जनको सम्पत्तिमा वण्डा नलाग्ने, पिताले दुई अंश राख्न पाउने तर आमाले भने पतिको शेष पछि छोरा सरह अंश पाउने, सन्तान हीन स्वास्नी मानिस पतिको अंशबाट वञ्चित हुने, बाबुको ऋण तिरी बाँकी मात्र अंशबण्डा गर्न पाउने (पन्त, २०६६ पृ.पृ २०२,२०४ ) व्यवस्था उल्लेख गरिएको छ । विद्यमान मुलुकी देवानी संहिता ऐन २०७४ मा उल्लेखित प्राबधान (नेपाल सरकार, २०७४, पृ. ७०) तत्कालिन प्राबधान संग मिल्दोजुल्दो देखिन्छ ।

**अपुताली**

छोरा नभएमा छोरीले पैतृक धन पाउने, छोरी पनि नभएमा उसैका कुलमा बान्धवहरुले अपुताली पाउने, ती पनि नभएमा त्यस्तो धन राज्यकोषमा जम्मा हुने तर ब्राह्मणको धनभने राजकोषमा जम्मा गर्न नहुने जस्ता प्रावधानहरु उल्लेख भएको पाइन्छ । जुन प्रावधानमा केही सुधार भए पनि हालैको कानुनी व्यवस्था त्यसकै प्रभावका रुपमा देखा परेको छ ।

**स्त्री अंशधन**

छोरा भएकी विधवा स्त्री छोरालाई छाडी पोइल गएमा निजको स्त्रीधन पछिल्लो पतिले पाउने, पहिलो पतिको धनभने पहिलो पतिको छोराले पाउने, पछिल्लो पतिले नपाउने, स्त्रीले गरेको घर व्यवहार (कारोबार) प्रामाणिक नमानिने तर पति वा छोराको अनुमति भएमा भने प्रामाणिक मानिने व्यवस्था गरिएको पाइन्छ ।

**लेनदेन व्यवहार**

बाबुको मृत्यु पछि छोराहरुले बाबुको ऋण भाग अनुसार तिर्नंपर्ने, संगोलको ऋण अंशियारले तिर्नंपर्ने तर देहायका ऋणहरु भने तिर्नंपर्ने जस्तैः मोजमजा गर्दा लागेको ऋण, रक्सि, जुवाँ तथा कसैको जमानत वस्दा लागेको ऋण आदि । त्यस्तै दुःख पर्दा परिवारले पालन पोषणका लागि लिएको ऋण, मर्न लागेको लोग्नेले ऋण लिनु भनी स्त्रीले लिएको ऋण तिर्नंपर्ने, त्यस्तै बाबुको इच्छाविना छोराले गरेको व्यवहार प्रामाणिक नहुने, यस व्यवस्था हालैको मुलुकी देवानी संहिमता सँग मिल्दो देखिन्छ । जसमा घरको मुख्य भई कामकाज गरेकोमा वाहेक बाबुको सहमति विना छोराले व्यवहार गरेमा प्रामाणिक नहुने व्यवस्था छ । त्यसै गरी प्रेमले दिएको ऋण ६ महिना सम्म व्याज नलाग्ने, ऋण बुझाए पछि भर्पाइ

दिनु पर्ने व्यवस्था समेत गरिएको छ । न्याय विकासिनीको उक्त प्रावधानसंग मुलुकी ददेवानी (संहिता) २०७४ मा उल्लेखित व्यवस्था धेरै हद सम्म प्रभावित देखिन्छ ।

**नासो धरौट**

विश्वासी व्यक्तिबाट धन लिदा वा त्यसलाई दिदा आफ्नो धन डुब्ने होकी भन्ने उसको शंका हटाउन लिएको धनभन्दा बढी लिएको उसकहाँ राखिएको द्रव्यलाई नासो वा निक्षेप भनिन्छ भनी नासो धरौटको परिभाषा गरिएको पाइन्छ ५ नासो धरौट राख्न दिएको धनमाल धनिलाई फिर्ता दिनु पर्ने, नदिएमा उजुर लाग्ने, नासो राख्न दिएको मालबाट आर्थिक फाइदा लिन नहुने व्यवस्था उक्त न्याय विकासिनीमा गरिएको छ । जसलाई विद्यमान कानुनमा नासो करार सम्वन्धि व्यवस्थामा उल्लेख गरिएको पाइन्छ (नेपाल सरकार, २०७४ पृ. २००) ।

**दानदातव्य**

न्याय विकासिनीमा दानमा थुप्रै प्रकारहरु उल्लेख गरी दिन हुने र नहुने व्यवस्था गरिएको छ । दिन नहुनेमा धेरै जनाको हक लाग्ने साझा धन, मागेर ल्याएको धन, बन्धक राख्न दिएको धन, नासोको धन, अरुलाई दिन कवोल गरेको धन, उत्तराधिकारी हुँदा हुँदैको सर्वश्व, मासिक श्राद्ध र औंशीका लागि छुट्टयाइएको धन तथा दिन हुने दानमा आफ्ना जहान छोरा छोरी, आमा बाबु जस्ता कुटुम्बको पालनपोषण गरेर बचेको धन पर्दछ । जुन प्रावधान हालको नेपालको कानुनी व्यवस्थासंग मिल्दोजुल्दो छ ।

**वाणिज्य व्यवशाय**

नाफा कमाउने उद्देश्यले परस्परमा मिलि काम गर्ने व्यापारी समूहको आधार सबैबाट हिस्साका रुपमा उठाइएकोलाई मूल धन मानिने, त्यो निजहरूले पारित गरेका नियम कानुन अनुसार चल्ने व्यवस्था गरिएको पाइन्छ । सो मूल धनमा घटिबढी रुपमा विभिन्न किसिमका हिस्साहरु राखिने, तिनमा जसको जति हिस्सा छ त्यतिनै नाफा- नोक्सान लाभहानी प्राप्त गरिने जस्ता कार्यले तत्कालीन समयमा कम्पनि तथा वाणिज्य कानुन सम्बन्धी अवधारणा रहेको पाइन्छ । क्षतिपूर्तिको व्यवस्था, पुरस्कार र दण्डको व्यवस्था, कर छल्ने व्यापारिलाई सजाय, वाणिज्य व्यवसाय गर्नेको सन्तान मरेमा निजको नातेदार (हकवाला) लाई त्यसको दायित्व सुम्पने जस्ता व्यवस्था पनि उक्त न्याय विकासिनीमा गरिएको पाइन्छ । यसरी वाणिज्य व्यवसाय सम्बन्धि विषयहरु समेत उल्लेख भएबाट व्यापार व्यवसायमा पर्ने विवादहरु निरुपण समेत यसकै आधारमा हुने गरेको पाइन्छ । आधुनिक समयमा समेत वाणिज्य व्यवसाय सम्वन्धि कानुन छुट्टै भएता पनि मुलभूत मान्यताहरुमा खासै फरक देखिदैन ।

**क्षतिपूर्ति**

नासो धरौटको धन सम्बन्धी उजुर परेका व्यक्तिहरु जसले छलकपट गर्ने गर्दछन् त्यस्ता व्यक्ति सावित भएमा सबै अभियोगको क्षतिपूर्ति दिनुपर्ने, कालिगढ कहाँ कुनै माल धितो राखेकोमा निजको नासो धरौटको प्रतिज्ञा अनुसार नासो धरौट राख्न दिने, धनिको रुपैंया चुक्ता गरी क्षतिपूर्ति दिनुपर्ने, वाणिज्य कानुनका सम्बन्धमा जानी जानी गल्ती गर्नेलाई त्यसबाट भएको क्षतिको पूर्ति निजले गर्नं पर्ने लगायत क्षतिपूर्ति सम्बन्धी अनेकौं व्यवस्था तत्कालीन कानुनमा गरिएको पाइन्छ । उक्त कानुनी प्रावधान कै आधारमा हालकै कानुनी व्यवस्था अन्तर्गत करारको उल्लघन र उपचार सम्वन्धि व्यवस्था गरिएको पाइन्छ (नेपाल सरकार, २०७४, पृ. १८५ ) ।

माथि उल्लेखित कानूनी प्रावधानहरु घर व्यवहार, लेनदेन, अंशवण्डा, अपुताली, भोगचलन, जग्गाजमिन, व्यापार, क्षतिपूर्ति लगायतका कानूनी प्रावधानका कैयौं विषयलाई हालैका कानूनी व्यवस्थामा उल्लेख गरेको पाइन्छ । समाज संचालनका क्रममा आउने, हुने र गरिने व्यवहारिक कामका सन्दर्भमा उत्पन्न समस्या र कानूनी समाधान समेतको व्यवस्थाले तत्कालीन समयको समाजको कानूनी चित्रण र वर्तमान कानूनी व्यवस्था उक्त कानूनसंग सम्बन्धित छ भन्ने कुराको पुस्ट्याइ हो भन्न सकिन्छ ।

**फौज्दारी कानुन**

समाजमा घटाइने अपराधिक क्रियाकलापसँग सम्बन्धित कानून फौजदारी कानून हो । अपराध कसलाई मान्ने, त्यस्ता क्रियाकलाप गर्ने गराउने लाई के कस्तो दण्ड सजाय गर्ने गराउने लगायतका विषय यस संग सम्बन्धित छन् । तत्कालीन समयको न्यायाविकसिनीमा उल्लेखित केहि प्रावधानहरु यहाँ उल्लेख गरिएको छ ।

**दण्डसजाय**

उमेरका आधारमा दण्डको व्यवस्था न्यायविकासिनीले गरेको छ । आठ वर्ष नपुगे सम्मको मानिस गर्भमा रहेको बालक सरह हुन्छ, सो ह्र वर्ष नपुगे सम्मको बालक अनाडी कलाउँछ" भनी उल्लेख गरिएको छ । वि.सं. १९१० को मुलुकी ऐनको महल ९ मा, बाह्र वर्ष मुनिकाले सजायमा छुट पाउने, वि.सं. १९९२ मा प्रकाशित दण्ड सजायँको ६ नम्बर तथा २००५, २००९ र २०१२ सालमा प्रकाशित उक्त ऐनको दफा ६ तथा वि.सं. २०२० साल भदौ १ गतेको मुलुकी ऐनको दण्ड सजायको दफा १ ले समेत ८ वर्ष मुनिकालाई खतवात नलाग्ने व्यवस्था गरेको छ ।

नेपाल बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११ मा "कानुन बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दस वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन भनी स्पष्ट व्यवस्था गरिएको छ साथै अपराध स्वीकार गरे दण्ड सजायमा कमी, आत्म सर्मपण गर्नेलाई कम सजाय वा मिनाहा, कसुर नजानी गर्नेलाई सजाय कम र जानीजानी गर्नेलाई बढीको व्यवस्था समेत गरि एको पाइन्छ । उक्त व्यवस्था फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा १६ ले बालबालिकालाई सजाय गर्दा कसुर को गम्भीरता र दोषको मात्रा, बालबालिकाको व्यक्तिगत परिस्थिती, अपराध प्रतिको पश्चातापका आधारमा सजाय निर्धारण गर्दा विचार पुर्याउने पर्ने, सोह्र वर्ष उमेर नभएका बालबालिकालाई सजाय गर्दा जघन्य, गम्भीर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गर्न नहुँने (नेपाल सर कार ,२०७४ पृ. ३१२) व्यवस्था गरेको पाइन्छ, जुन प्रावधान तत्कालिन न्याय विकसिनीमा उल्लेखित प्रावधानसंग मिल्दो देखिन्छ ।

**चोरी**

चोरी सम्बन्धी छुट्टै महलको व्यवस्था गरी हकवालाले नदेखिकन लिने र देखि देखि लिने गरी चोरीलाई २ प्रकारले परिभाषित गरी त्यही अनुरुपको सजायको व्यवस्था गरिएको पाइन्छ । जुन व्यवस्था नेपालको मुलुकी ऐन चोरीको महलले गरेको थियो (नेपाल सरकार, २०५८ ) । जस अनुसार सामान्य चोरी र जर्वजस्ती वा डाँका चोरीको परिभाषाभित्र तत्कालीन समयको चोरीको प्रकारलाई हेर्न सकिन्छ। विद्यमान कानून (नेपाल सरकार, २०७४ पृ.पृ.९१-९२) मुलुकी अपराध (संहिता ) ऐनले पनि सामान्य, नकबजनी चोरी र डाका गर्न नहुने भनि परिभाषित गरि कडा सजायको व्यवस्था गरेको देखिन्छ ।

**गालिबेइज्जती र कुटपिट**

कसैलाई होच्याउन, निजको देश, जात, कुल आदिका बारेमा दोष युक्त एवम् अपमानजनक रुपमा विपरित अर्थलाग्ने आक्रोशपूर्ण बोली प्रयोग गर्न नपाइने, गरे कसुर मानिने व्यवस्था गरी यस्ता अपराधलाई गाली बेइज्जती मानिएको पाइन्छ (श्री ५ को सरकार, २०१६) । निष्ठुर, अश्लिल, तीव्र गरी तीन प्रकारमा उल्लेखित गालिबेइज्जतीलाई कडा सजायको व्यवस्था गरिएको पाइन्छ। त्यस्तै कुटपिटका सम्बन्धमा पनि मुक्का लात्ती, हतियार प्रयोग गरी घाउचोट पुर्‍याउनु, शरीरमा तातो खरानी खन्याइदिनु जस्ता कार्यलाई दण्डनीय मानी दण्ड सजायको व्यवस्था गरि एको पाइन्छ। नेपालको वि.सं. १९१० को मुलुकी ऐनको २५ नम्बर, वि.सं. १९८४, १९९२ को मुलुकी अ.ब. को ९२ नम्बर र १०९ नम्बर तथा वि.सं. २०२० साल भदौ १ गते प्रारम्भ भएको मुलुकी ऐनको अदालती बन्दोवस्तको ८४ नम्बर मा पनि गालि बेइज्जती र कुटपिटलाई अपर ाधमानी दण्ड सजायको व्यवस्था गरिएको पाइन्छ। उक्त मुलुकी ऐनको पछिल्ला संशोधनहरुले भने कुटपिट र गाली बेइजती को छुट्टै महलको व्यवस्था गरेको छ (श्री ५ को सरकार, २०१६ पृ.पृ. १, ८) । भनि विद्यमान कानुन (नेपाल सरकार, २०७४ पृ. ११५ ) मा समेत गालीबेइज्जति सम्बन्धी कसुरको व्यवस्था गरेको पाइन्छ ।

**अपहरण**

न्याय विकासिनीमा पुरुषलाई अपहरण गरेमा उत्तम साहस दण्ड हुने, स्त्रीलाई अपहरण गरेमा सर्वश्व र कन्यालाई हरण गरेमा मृत्यु दण्ड हुने व्यवस्था गरेको पाइन्छ (नेपाल सरकार, २०६४ ) ꠸ त्यस्तै पशु अपहरण गर्नेलाई पनि प्रकृति अनुरुप दण्डको व्यवस्था गरिएको थियो । लामो समय सम्म पनि अपहरण सम्बन्धी कानुनको अभाव रहेको अवस्थामा नेपालमा अपहरण तथा शरीर बन्धक सम्बन्धी ऐन २०६४ निर्माण गरी उक्त अपराधलाई स्वीकार गरेको पाइन्छ । हालको मुलुकी (संहिता) ऐन २०७४ मा समेत अपहरण वा शरीर बन्धक सम्बन्धि कसुरको व्यवस्था गरी त्यस्तो अपराध गर्नेलाई दण्डको व्यवस्था गरेको पाइन्छ (नेपाल सरकार, २०७४ पृ. ८० ) ।

**विहावारी**

विहावारीका सम्बन्धमा समेत न्याय विकासिनीले स्पष्ट व्यवस्था गरेको पाइन्छ । स्त्री र पुरुषबीच विवाह गर्दा आफ्नै वर्णको पति र पत्नी श्रेयस्कर हुने तर ब्राह्मणका लागि आफ्नै वर्णका बाहेक क्षेत्री, वैश्य र शुद्र तीन वर्णका स्त्रीहरु पत्नी बन्न सक्ने, शुद्र कन्याका लागि पनि आफ्नो वर्ण बाहेक तीनै वर्णका पति हुन सक्ने, वैश्यका लागि आफ्नो जात बाहेक शुद्र पत्नी हुन सक्ने तर वैश्य कन्याका लागि आफ्नो जात बाहे क ब्राह्मण क्षेत्री दुई वर्णको पति हुन सक्ने र क्षेत्री कन्याको आफ्नो जात बाहेक ब्राह्मण एक मात्र पति हुन सक्ने व्यवस्था गरिएको छ । सरी अनुलोम र प्रतिलोम विवाह सम्बन्धी प्रावधान समेत उक्त कानुनले गरेको पाइन्छ (श्रेष्ठ, २०६६ पृ.२५१) ।

पितादेखि सातौं पुस्ता सम्म विवाह निषेध गरिएको छ (पन्त, सम्पा, २०६६: पृ. १५३) यस सम्बन्धमा वि.सं. १९९८ सालको संस्करणको विहावारीको १ नम्बर, वि.सं. १६९२ को ६ नम्बर तथा मुलुकी ऐन २०२० को विहावारीको १ नम्बरमा हाडनाता करणीको महलमा सजाय हुने नातामा बाहेक विवाह गर्न हुने व्यवस्था गरेको पाइन्छ । त्यस्तै विर्य नभएको व्यक्तिको स्त्री मा हक नहुने, बिवाह गरी परदेश जानेले तीनपटक रजवती हुँदा पनि नआए अर्को विवाह गर्न हुने लगायतका व्यवस्था गरिएको पाइन्छ । यसरी हालको सम्बन्ध विच्छेद गरी अर्को विवाह गर्न पाइने व्यवस्था सँग उक्त व्यवस्था मिल्दो जुल्दो देखिन्छ ।

**करणी**

करणीका सम्बन्धमा न्यायविकासिनीमा विभिन्न प्रावधान राखि सोही अनुरुपको व्यवस्था गरिएको छ जस अनुसार आफ्नी पत्नी घरमा नपाउँदा निजको खोजीमा अर्काको घरमा जाँदा पतिले आफ्नी पत्नीलाई दोस्रो पुरुषका साथ सहवास गरिरहेको देख्नुलाई संग्रहण वा व्यभिचारयुक्त कार्य मानिन्छ भनी परिभाषित गरिएको छ । तर विना कसुर पत्नीलाई त्याग्ने, सन्तान उत्पादन गर्न नसक्ने नपुंसक, क्षयरोगले ग्रस्त, कुकर्मले पतित पतिका पत्नीका हकमा भने दोष नलाग्ने गरी छुट दिएको पाइन्छ त्यस्तै पुरुष, स्त्रीले एक अर्का बिच स्पर्श गर्ने, एक अर्कालाई मैले भोग गरेको छु भनी स्वयमले भनेमा समेत संग्रहण मानिने व्यवस्था भएबाट आशयकरणी समेतलाई करणीको अपराध मानेको पाइन्छ। करणी सम्बन्धी अपराधमा सामान्य देखि गम्भीर प्रकारको दण्ड सजायको व्यवस्था उक्त न्याय विकासिनीमा प्रस्तुत गरिएको देखिन्छ (श्रेष्ठ, २०६६ पृ.२५६ ) :

- आफ्नो जात भन्दा बाहिरकी स्त्रीका साथ सहवास गरेमा त्यस्तो पुरुषलाई उत्तरासाहस दण्ड,
- आफू भन्दा माथिल्लो जातकी स्त्रीका साथ सहवास गरेमा त्यस्तो पुरुषलाई प्राणदण्ड,
- काम वासना नभएकी कन्या सँग जर्वजस्ती सहवास गरेमा त्यस्ता पुरुषको दुई औंला काटिदिने,
- आफूभन्दा माथिल्लो जातकी र काम वासना नभएकी कन्या सँग जर्वजस्ती सहवास गरेमा त्यस्ता पुरुषलाई सर्वोश्वहरण गरी प्राणदण्ड,
- आफ्ना आमा, सानीमा, सासू, माइजू, फुपू, काकी, शिष्य पत्नी, बहिनी, निजको साथी, बुहारी, छोरी गुरुमा, भाउजू, एकै गोत्रकी स्त्री, आफ्नो शरणमा परेकी स्त्री, रानी, सन्यास लिएकी स्त्री, धाइ आमा, पतिव्रता स्त्री र आफूभन्दा उत्तम जातकी स्त्रीसँग सहवास गर्नेको लिङ्ग काटिदिने,

- मर्यादानाघी पशुयोनीमा संभोग गर्नेलाई एकसय पण जरिवाना गर्ने,
- गाईमा र चाण्डाली आदिमा गमन गर्नेलाई मध्यम साहस दण्ड गर्ने,
- स्त्रीले व्यभिचार गरे निजको शिर मुडाइदिई जमिनमा ओछ्यान लगाएर सुत्न लगाउने, पलङमा सुत्न नदिने, सडेगलेको बासी अन्न खान र नराम्रा पुराना कपडा लगाउन दिने, कुचो लगाउने र कसिङ्गर फाल्ने काममा लगाउने जस्ता सजाय सँग सम्बन्धित प्रावधान उल्लेख गरिएको छ ।

त्यस्तै कुनै स्त्रीको सन्तान नजन्मदै निजको पतिको मृत्यु भएमा निजको देवरबाट सन्तान उत्पादन गराउन सक्ने, भाई बुहारीसँग पनि सन्तानका लागि सहवास गर्न सकिने तर उक्त सहवास अभिभावकका सहमतिमा हुनुपर्ने र कामवासनाका लागि नभएर विसुद्ध सन्तान उत्पादनसँग सम्बन्धित हुनु पर्ने व्यवस्था उक्त न्यायविकासिनीले गरेको पाइन्छ (श्रेष्ठ, २०६६ पृ. पृ. २५६-२६० ) ।

अपराध अनुसारको दण्ड व्यवस्था न्यायाविकसिनीको कानूनी विशेषता हो । कसले कस्तो अपराध गरेको छ त्यस्कै आधारमा दण्डित गर्ने गरी सामान्य गाली वेइज्जति देखि अपहरण, करणी, चोरी, जुवा सम्मको अपराध र त्यस्तो क्रियाकलाप गर्ने गराउनेलाई दण्ड सजायको व्यवस्था न्यायविकासिनीमा गरिएको पाइन्छ ।

हालको विद्यमान कानूनमा पनि करणी सम्बन्धि व्यवस्था गरी जवर्जस्तीकरणी, हाडनाता करणी, यौन दुर्व्यवहार, बाल यौन दुरुपयो, अप्राकृतिक मैथुन र पशुकरणी सम्बन्धी  व्यवस्था गरि उल्लेखित अपराध गर्नेलाई अपराधको प्रकृति अनुसार सजायको व्यवस्था गरेको पाइन्छ (नेपाल सरकार, २०७४ पृ. ८२) ।

**प्रमाण र दिव्य परीक्षा**

कसैले कुनै घटना वा अपराध गर्छ गराउछ भने त्यसले गरेको गराएको अपराधलाई पुष्टि गर्न गराउन ठोस, तथ्ययुक्त र वस्तुनिस्ठ प्रमाणको आवश्यक्ता पर्दछ । त्यस्ता आधारलाई कानूनी रुपमा प्रमाण भनिन्छ । जसको अभावमा अपराधीलाई दोषी ठहर गर्न सकिदैन । न्यायिक निकायलाई दावी पुस्ट्याई गराउन समेत चाहिने वस्तुनिस्ठ आधार प्रमाण हुन । सत्यता पत्ता लगाउन प्रत्यक्ष गरिने परिक्षा दिव्य परिक्षा हुन् यसरी न्यायविकासिनीमा प्रमाण र दिव्यपरीक्षाका बारेमा उल्लेख गरेको पाइन्छ ।

**प्रमाण कानुन**

वैध कुराहरूद्वारा ध्यानपूर्वक प्रमाणको परिपालना गर्नं पर्ने, तीन थरी प्रमाण (लिखत, साक्षी र भोग) लाई आधार मानी धन दिदा फिर्ता पाउन सकिने, लिखित प्रमाण सधैं खम्बिर प्रमाण हुने, जीवित अवस्थामा साक्षी प्रमाण हुने र लामो समय व्यतीत भएकोमा पछि भने भोग नै प्रमाण हुने व्यवस्था गरिएको पाइन्छ । जुन व्यवस्था हाल प्रचलित प्रमाण ऐन २०३१ को दफा ३५ मा लिखित दफा ३७ मा मौखिक साक्षीको प्रमाण र दफा ३३ मा भोगको प्रमाणसँग मिल्दो छ । प्रमाण सम्बन्धी उक्त व्यवस्था पूर्वीय र पश्चिमी दुबै कानुनी व्यवस्थाका लागि मार्गदर्शक बनेको पाइन्छ । मर्न लागेको बेला भनेको कुरा प्रमाण लाग्ने, जुन प्रमाण ऐन २०३१ को दफा ११ को मृत्युकालीन घोषणासँग सम्बन्धित छ । साक्षीका योग्यता, साक्षी वकपत्र, परीक्षण जस्ता कुराहरु पनि उक्त न्याय विकासिनीमा उल्लेख छ । जुन हालको  विद्यमान कानूनमा पनि उल्लेख गरिएको पाइन्छ (नेपाल सरकार, २०७४ पृ.पृ. १९०-१९७ ) ।

**दिव्यपरीक्षा**

सत्य बोल्ने, साक्षीको धर्म बढ्ने, झुट्ठा बोल्ने पापी लोकमा जाने, साक्षी नभएमा अभियुक्तलाई विभिन्न किसिमका सपथहरु लिन पठाई दिव्य परीक्षाद्वारा परीक्षण गर्नं पर्ने, दिव्यपरीक्षा अन्तर्गत तुला परीक्षा, अग्निपरीक्षा, जल परीक्षा, विष परीक्षा, कोश परीक्षा, तप्तमास परीक्षा जस्ता विषय वस्तु उक्त न्यायविकासिनीमा उल्लेख गरेको पाइन्छ । तर वर्तमान अवस्थामा उक्त व्यवस्थालाई वैध मानिएको छैन तर साक्षी वकपत्र सम्बन्धी  व्यवस्था विद्यमान कानूनमा गरेको पाइन्छ । (नेपाल सरकार, २०७४ पृ.पृ. १९१ -१९६) । साक्षी वकपत्र गर्दा  सत्य सत्य कुरामा आधारित भएर गर्नंपर्ने, इश्वरको नाममा सपथ लिई सत्य निष्ठा पुर्वक वकपत्र गर्ने प्रतिज्ञा गर्नं पर्ने प्रावधान रहेको पाइन्छ (नेपाल सरकार, २०७४ पृ.२९१) ।

**विविध**

विविधमा कागज जाँचको लिखतको मान्यता सम्बन्धी व्यवस्था, धन ऋण दिंदा साक्षी राख्नु पर्ने, साक्षी राखी तमसुक गराउनु पर्ने, लिखत प्रमाणिक र अप्रमाणिक दुई खालको हुने व्यवस्था गरिएको पाइन्छ भने जमानीमा ऋणि बेपत्ता भए जमानी बस्नेले उपस्थित गराउनु पर्ने लगायतको व्यवस्था मुलुकी ऐन जमानीको महलमा गरिएको हाजिर जमानी, धनजमानी वा जेथा जमानी र करार ऐन २०५६ को जमानत, हर्जाना सम्बन्धी व्यवस्था जस्तै देखिन्छ । त्यस्तै राजाका काम कर्तव्य र अधिकार तथा आशौच बार्ने व्यवस्था पनि गरिएको छ । आशौच बार्ने अन्तर्गत जसका आमालाई बाबुले शुल्क वा जारी गरी ल्याएको छ त्यस्ता छोराले, जसको विर्यबाट निजको जन्म भयो त्यही बाबुको क्रियाकाज पिण्ड गर्नं, शुल्क नतिरी ल्याएकी आमाबाट जन्मिएका छोराले जसको विर्यबाट जन्मेको हो, त्यसको काजक्रिया गर्नं नपर्ने जस्ता व्यवस्था गरिएको पाइन्छ । तत्कालिन समयमा भएका गरिएका यी प्रावधान मध्ये कतिपय प्रावधानहरु अहिले पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छन् ।

**प्रभाव**

वास्तवमै न्याय विकासिनी इतिहास भित्रको महत्व पूर्ण इतिहासनै हो । वि.सं. १४३६ मा यति व्यवस्थित संग्रहको निर्माण गरिनु र त्यसबाट तत्कालीन समाजको सामाजिक व्यवस्था कानुनी एवम् न्यायिक विकासमा टेवा पुग्ने कार्यले यसको महत्वलाई पुष्टि गर्दछ,  यसको प्रभावलाई यसरी उल्लेख गर्न सकिन्छ :

**ऐतिहासिक**

इतिहास भनेको विगतमा घटित घटनाको यथार्थ चित्रण हो। न्याय विकासिनी आजभन्दा करिब ६४४ वर्ष अघिको एउटा पूर्ण र परिस्कृत लिखित दस्तावेज हो । जुन फ्रान्सको नेपोलियनको सिभिलकोड भन्दा पनि झण्डै ५०० वर्ष पुरानो छ। यस अर्थमा उल्लेख गर्दा वर्तमान विश्वकै लिखित कानुनको इतिहासमा न्याय विकासिनी नै प्रथम संग्रहित र व्यस्थित कानुन हो भन्न सकिने आधार प्राप्त भएको छ (पन्त, सम्पा २०६५) । यी तथ्यहरूले यसको ऐतिहासिक प्रभावको पुष्टि गरेका छन् ।

**कानुनी**

मानवको उत्पत्ति सँगसँगै मानविय संस्कारको निर्माण भयो । उक्त संस्कारले संस्कृति र ती संस्कृतिले प्रथाको रुप लिन पुगे । प्रथा भनेकै कानुनको श्रोत भएकाले त्यसले समाजमा कानुनी मान्यता प्राप्त गर्यो । यसरी विकास भएको कानुनलाई व्यवस्थित संग्रहको रुपमा जारी गराउने काम तत्कालीन राजा जयस्थिति मल्लले गरे । देवानी, फौज्दारी, कार्यविधि, वाणिज्य व्यवसाय, प्रमाण कानुन लगायतका समाजमा घटित घटनाहरुलाई कानुनी रुपमै व्यवस्थित गरी सामाजिक सु-व्यवस्था कायम गराउन महत्वपूर्ण भूमिका उक्त न्यायविकासिनीले निर्वाह गर्न पुग्यो । तत्कालीन समयमा निर्माण गरिएका कानुनलाई नेपालको सन्दर्भमा त्यस पछि बन्ने कानुनहरुले अंगिकार गर्दै आएको पाइएबाट वर्तमान कानुनहरुमा उल्लेखित कुराहरु न्यायविकासिनी कै परिस्कृत रुप हुन भन्न सकिने अवस्थाका कारण समेतले यसको कानुनी प्रभावलाई स्पष्ट पार्न सकिन्छ ।

**न्यायिक**

ठीक, बेठीक, सही र गलत छुट्याउने काम न्याय हो। मानव जातिको जीवन पछि अतिप्रिय बस्तु न्यायलाई मानिन्छ । भनिन्छ न्यायको सम्बन्ध अन्यायसँग गाँसिएको हुन्छ । न्यायले दुईवटा कुरालाई हरहमेसा संकेत गरी रहेको हुन्छ । एउटा गल्तीलाई सुधार गर्नं र गल्ती काम गर्नेलाई दण्डदिनु (खनाल, २०६८ पृ. २२०) । तत्कालीन राजा जयस्थिति मल्लद्वारा जारी गरिएको कानुनको संग्रह न्याय विकासिनीले न्याय कर्ताहरूलाई न्याय सम्पादन गर्न निकै सहज बनाईदिएको छ जसबाट न्यायिक एकरुपता एवम् समानताको सिद्धान्तले समेत प्रश्रय पाए बाट यसको न्यायिक प्रभावको पुष्टि हुन्छ ।

**सामाजिक**

समाज सञ्चालनको महत्वपूर्ण विधि कानुन हो । समाजमा शान्ति सु-व्यवस्था कायम गरी समाजलाई अग्रदिशा प्रदान गर्न सामाजिक चाल चलन र व्यवहारहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । ती व्यवहारहरुलाई व्यवस्थित गर्न सकिएन भने समाजमा अराजकता श्रृजना भै मत्स्य न्यायको स्थिति पैदा हुन्छ, फलतः समाज समाजका रुपमा रहन सक्दैन । अतः आज भन्दा करिब ६४४ वर्ष अघि तत्कालीन समाजका सामाजिक क्रियाकलापलाई व्यवस्थित गरी समाज सञ्चालनका लागि जारी गरिएको न्याय विकासिनीले सामाजिक रुपमा गरिने घरायसी लेन देन, साक्षी प्रमाण, विवाह, करणी, अंशवण्डा, अपुताली लगायतका सबै विषयवस्तु लाई समेटेको छ । जसलाई वर्तमान समाजले समेत अबलम्बन गर्दै त्यसकै आधारमा समाज सञ्चालनका तौर तरिका र विधिहरुलाई परिस्कार गरी अघि बढ्दै गईरहेको पाइन्छ । यस अर्थमा पनि सामाजिकरुपमा उक्त न्याय विकासिनीको प्रभावलाई स्पष्ट गर्न सकिन्छ ।

**शैक्षिक**

कानुनको अज्ञानता क्षम्य हुदैन अर्थात् कानुन थाहा थिएन त्यसैले गल्ति भयो माफी पाउ भनेर छुट पाइदैन भन्ने कानुनको सर्वमान्य सिद्दान्त रहेको छ । यसको अर्थ राज्यको सबै कानुन हरेक नागरिकले जानेकै हुनुपर्छ भन्ने मान्यता हो । यस मान्यतालाई सार्थकरुप दिन ऐतिहासिक कानुनी दस्तावेजमा उल्लेखित कानुनी व्यवस्था सबैका लागि शिक्षा प्रदायक रहेको छ भन्न सकिन्छ ।

**निष्कर्ष र सुझाव**

आजभन्दा ६४४ वर्ष अघि राजा जयस्थिति मल्लद्वारा जारी गरिएको ऐतिहासिक कानुनी दस्तावेज न्याय विकासिनी हो । जसमा कानुनमा हुनु पर्ने सबै चरित्र निहित छन् । तत्कालीन समयमा नेपालमा न्यायपालिकाको काम पनि कार्यपालिकाले गर्ने, वरिष्ठ मन्त्रिले न्यायाधीशको भूमिका निर्वाह गर्नंपर्ने व्यवस्था थियो । नेपाल संवत् ५०० विक्रम संवत १४३६ र इ.स १३८० मा जारी भएको उक्त कानुन विश्वमा पहिलो लिखित कानुन मानिएको फ्रान्सको नेपोलियन सिभिलकोड भन्दा झण्डै ५०० वर्ष पुरानो मानिएको छ । यस अर्थमा पनि विश्वको पहिलो स-विस्तार कानुनका रुपमा यसलाई लिन सकिन्छ । समाज सञ्चालनका समग्र पक्षलाई मध्यनजर गरी देवानी, फौज्दारी, कार्यविधि प्रमाण, वाणिज्य, क्षतिपूर्ति सम्बन्धी कानुन र अपराधीलाई दण्ड सजाय समेतको व्यवस्था गरिएको उक्त कानुनकै परिस्कृत रुप वर्तमान सन्दर्भमा नेपालका ऐन कानुनहरु हुन् । विभिन्न अग्नि परीक्षा, करणी गर्नेहरुको लिङ्ग छेदन तथा कतिपय सामान्य अपराधमा पनि असामान्य दण्ड व्यवस्था र जातियताका आधारमा सजाय जस्ता अव्यवहारिक कुराहरुलाई हटाई वर्तमान परिवेशमा उक्त कानुनमा उल्लेखित थुप्रै सकारात्मक कुराहरुको ग्रहण गर्नं उपयुक्त मानिन्छ ।

न्याय विकासिनी विश्वको प्रमुख लिखित कानुन भए तापनि विश्वमा चिनाउने काम हुन सकेको छैन । यसको अंग्रेजी अनुवाद गरी प्रकाशित गर्ने कार्यले यसको थालनीको प्रयास भए पनि थप अनुसन्धान गरी विश्वमै पहिलो कानुनका रुपमा चिनाउन इतिहासविद, नेपाल सरकार, विभिन्न गैर सरकारी संघ संस्था तथा व्यक्तिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नं पर्ने आवश्यकता देखिन्छ । यति पुरानो संहिता जोगिएर रहनु र त्यसलाई पढ्न सक्ने बनाउने अनुवाद गर्ने कुरो ज्यादै महत्वपूर्ण छ प्रस्तुत लेखले यहि प्रवृतिलाई अगाडी बढाउने प्रयास गरेको छ ।

**सन्दर्भसूची**

खनाल, विष्णुप्रसाद (२०६८), नेपालमा न्याय व्यवस्था : एक अध्ययन, *प्रयास* (वर्ष ९, अंक ४), पृ. २२०-२२७ ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान* काठमाडौँ: कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०६४), *अपहरण तथा शरीर बन्धक ऐन,* काठमाडौं: कानुन व्यवस्था समिति ।

नेपाल, ज्ञानमणि (२०५२), न्याय विकासिनी (मानव न्यायशास्त्र) का रचनाकारको हुन ?, *गरिमा,* (पुर्णाङ्क १५८), पृ. १०-१३ ।

नेपाल सरकार (२०७४), *मुलुकी अपराध (संहिता) ऐन,* काठमाडौँ: कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७४), *मुलुकी देवानी संहिता ऐन र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन,* काठमाडौँ, कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७४), *मुलुकी देवानी (संहिता) ऐन,* काठमाडौँ, कानुन किताब व्यवस्था समिति ।

पन्त, दिनेशराज (संपा.) (२०६५), *न्याय विकासिनी,* काठमाडौं: कानुन व्यवसायी क्लब ।

रेग्मी, जगदिशचन्द्र (२०६०), *नेपालको वैधानिक परम्परा,* काठमाडौँ: तन्नेरी प्रकाशन ।

वस्ति, प्रकास (संपा.) (२०६३), *कानून सम्बन्धी केही ऐतिहासिक अभिलेखहरु,* काठमाडौँ: कानून व्यावसायी क्लव ।

शर्मा, बालचन्द्र (२०३३), *नेपालको ऐतिहासिक रुपरेखा,* वारायणसी : कृष्णकुमारी देवी ।

श्री ५ को सरकार (२०३१), *गाली बेइजती ऐन,* काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

श्री ५ को सरकार (२०३१), *प्रमाण ऐन,* काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

श्री ५ को सरकार (२०५८), *मुलुकी ऐन एघारौं संशोधन,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०६६), *ऐन संग्रह भाग-१ एक टिप्पणी,* काठमाडौँ: पैरवी प्रकाशन ।